# नेपाल वन प्राविधिक संघ

## Nepal Foresters' Association (NFA)

(विधान संशोधन २०७४)

| स्वीकृत विधानको दफा सो मा भएको व्यवस्था | हाल प्रस्तावित संशोधन गर्नु पर्ने व्यहोरा | संशोधन गर्नुको कारण |
|---|---|---|
| **प्रस्तावना**<br>वन पेशामा संलग्न नेपाली वन प्राविधिकहरुको सामूहिक प्रयासद्धारा नेपालको प्राकृतिक श्रोतलाई वैज्ञानिक तरिकाबाट संचालन गरि देशको वातावरण संरक्षण गर्न र जंगलको समयोचित संरक्षण, व्यवस्थापन र सम्बर्द्धन गरि सर्वाङ्गीण विकासमाप सक्रिय सहभागिता जुटाई वन प्राविधिकहरुको पेशागत हक, हितको संरक्षण र समुन्नति गर्दै संगठित हुन वाञ्छनीय भएकोले नेपाल वन प्राविधिक संघको गठन गरिएको छ । | नेपालको वनश्रोतको दिगो व्यवस्थापन वैज्ञानिक तरिकाबाट व्यवस्थापन गरि वनश्रोतको समुचित संरक्षण र संवर्द्धन गरि वातावरणको संरक्षण गर्नुका साथै राष्ट्रको सर्वागिंण विकासमा वन प्राविधिकहरुको सामुहिक प्रयासद्धारा सक्रिय जनसहभागिता जुटाई वन प्राविधिकहरुको पेशागत हक, हितको संरक्षण र समुन्नति गर्दै सुसंगठित हुन वाञ्छनीय भएकोले नाफा रहित (Non Profit) संस्थाको रुपमा नेपाल वन प्राविधिक संघको गठन गरिएको छ । | शब्द समायोजन गरिएको । |
| **प्रारम्भिक**<br>**१. नाम र प्रारम्भ :**<br>(क) यस संघको नाम "नेपाल वन प्राविधिक संघ" (Nepal Foresters Association) रहनेछ । छोटकरीमा एन.एफ.ए. भनिनेछ ।<br><br>(ख) यस संघको केन्द्रिय कार्यालय | (क) यस संघको नाम "नेपाल वन प्राविधिक संघ" (Nepal Foresters' Association) रहनेछ । छोटकरीमा NFA भनिनेछ ।<br><br>(ख) यस संघको केन्द्रिय कार्यालय काठमाण्डौं महानगरपालिका वडा नं ११, बबरमहलमा र प्रदेश कार्यालय सम्बन्धित प्रदेशको केन्द्र रहेको जिल्लामा रहने छ र आवश्यकता अनुसार साधारण सभाद्धारा पारित गरी अन्यत्र ठाउँमा शाखाहरु खोल्न सकिनेछ । | (क) अग्रेजीमा नै लेखापढी हुने भएकोले संशोधन गरिएको ।<br><br>(ख) केन्द्रिय कार्यालय संशोधित ठेगानामा नै रहेको र प्रदेश कार्यालय थप गर्नु |

| | | |
|---|---|---|
| काठमाण्डौं उपत्यकामा रहने छ र आवश्यकता अनुसार साधारण सभाद्वारा पारित गरी अन्यत्र ठाउँमा शाखाहरु खोल्न सकिनेछ । | (ग) केन्द्रिय कार्य समितीको निर्णयमा तोकिएको अधिकारीको स्विकृती लिई सबै प्रदेशमा प्रदेश संघ खोल्न सकिने छ ।<br><br>घ) यो संस्था एक अविछिन्न उत्तराधिकारवाला संगठित, स्वशाशित, गैरनाफामूलक, गैरराजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । संस्था आफ्नो उद्धेश्य बाहेक आयआर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श गर्ने कार्य गरिने छैन । | पर्ने भएकोले ।<br>घ) संस्थाको हैसियत स्पष्ट नभएकोले स्पष्ट पारिएको |
| २. **परिभाषा :**<br>(च) "कार्यकारिणी समिति" भन्नाले यस संघको कार्यकारिणी समिति जनाउदछ । | (च) "केन्द्रिय कार्यसमिति" भन्नाले दफा १८ को उपदफा १ बमोजिम गठित समितिलाई जनाउछ ।<br>ठ) प्रदेश कार्यसमिति समिति भन्नाले दफा १८ को उपदफा २ बमोजिम गठित समितिलाई जनाउछ ।<br><br>(ड) पदाधिकारी भन्नाले केन्द्रिय समितिका अध्यक्ष, उपाध्यक्ष , महासचिव, सचिव र कोषाध्यक्ष जनाउछ । | कार्यकारिणीको सट्टा कार्यसमिति जस्मा केन्द्रीय कार्यसमिति र प्रदेश कार्यसमिति राख्नु पर्ने भएकोले ।<br><br>प्रदेश समितिहरु गठन हुने भएकोले र पदाधिकारीलाई प्रष्ट पारेको । |
| **परिच्छेद ३**<br>**४. संघको उद्धेश्य :**<br>क) वन पेशामा संलग्न व्यक्तिहरुको पेशागत हक र हितको संरक्षण गर्न सधै सदैव प्रयत्नशिल रहने ।<br>ख) संघमा संलग्न सदस्यहरुको व्यवसायिक स्तर र बौद्धिक विकास गर्न तर्फ क्रियाशिल रहने ।<br>ग) वन सम्बन्धमा उपयुक्त सोध, अनुसन्धान गर्ने, गर्न सहयोग पुऱ्याउने तथा परामर्श दिने ।<br>घ) श्री ५ को सरकारलाई देशमा आई | **४. संघको उद्धेश्य :**<br>१. वन पेशाकर्मीहरुको पेशागत हक र हितको संरक्षण गर्ने (RIGHTS)<br>२. यस संघका सदस्यहरुको व्यवसायिक स्तर र बौद्धिक विकास गर्ने (CAPACITY AND KNOWLEDGE)<br>३. वन तथा वातावरण क्षेत्रको सोध, अनुसन्धान गर्ने, गर्न सहयोग पुऱ्याउने तथा परामर्श दिने । (RESEARCH & CONSULTANCY)<br>४. वन क्षेत्र तथा वातावरण सम्बन्धी नीति निर्माणमा पैरवी गर्ने (POLICY ADVOCAY)<br>५. राष्ट्रिय र अन्तराष्ट्रिय वन तथा वातावरण सम्बन्धी संगठनहरु र अन्य पेशागत संघ संस्थाहरुसँग समन्वय गर्ने । (COORDINATION)<br>६. ज्ञान तथा प्रविधिहरुको आदान प्रदान गर्ने गराउने । | समय सापेक्ष शब्द समायोजन गरिएको |

| | | |
|---|---|---|
| परेका वा आउन सक्ने वन तथा वातावरण सम्बन्धी विषयहरुमा सुझाव, सेवा र सहयोग पुऱ्याउने ।<br>ङ) अन्य राष्ट्रिय र अन्तराष्ट्रिय वन तथा वातावरण सम्बन्धी संगठनहरु र पेशागत संघ संस्थाहरुसँग सम्बन्ध स्थापित गर्ने ।<br>च) वैज्ञानिक अनुसन्धान गर्ने, राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायहरुसँग निकटतम सम्बन्ध राख्ने र ज्ञान तथा प्रविधिहरुको आदान प्रदान गर्न समय समयमा सेमिनार तथा सम्मेलनहरु आयोजना गर्ने ।<br>छ) वन तथा वन सम्पदाको महत्वको अतिरिक्त वन जंगलबाट देशमा प्रादुभाव हुने आर्थिक, सामाजिक तथा वातावरणको प्रभावबारे जनचेतना अभिवृद्धि गर्ने ।<br>ज) विचार आदान प्रदानको लागि न्यूज लेटर (News Letter) जर्नल र विशेषांक आदि प्रकाशित गर्ने ।<br>झ) वन प्राविधिकहरुका विचमा एकता, सद्भाव, मित्रता, पेशागत आचरण र शिष्टाचार अभिवृद्धि गर्ने । | (DISSEMINATION OF TECHNOLOGY AND KNOWLEDGE) | |
| **५सदस्यता र अधिकार**<br>**सदस्य :**<br>निम्नानुसारका व्यक्तिहरु संघका सदस्य बन्न सक्ने छन् ।<br>क) वन विज्ञानमा स्नातक वा | **५सदस्यता र अधिकार**<br>**सदस्य :**<br>सदस्यता प्राप्तिको लागि योग्यता<br>क) नेपाली नागरिक<br>ख) मानसिक सन्तुलन नगुमाएको<br>ग) सार्वजनिक सम्पत्ति हिनामिना नगरेको | सदस्यताको योग्यता स्पष्ट पारिएको |

| | | |
|---|---|---|
| स्नातकोत्तर उपाधि प्राप्त गरेका वन प्राविधिकहरु वा राजपत्राकिंत वन प्राविधिकहरु (बहालवाला वा सेवानिवृत्त) | घ) वन विज्ञानमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेका वन प्राविधिकहरु<br>ङ) यो संशोधित विधानले साधारण सभाले स्विकृत हुनुभन्दा अगाडि साविक बमोजिम सदस्य बनेका सदस्यहरुलाई यस दफा ५ को घ बुदाले असर गर्ने छैन । | |
| **६) सदस्यको प्रकार :**<br>क) साधारण सदस्य (General Member) : यस परिच्छेदको दफा ५ अनुसारका व्यक्तिहरु साधारण सदस्य बन्ने छन् ।<br>ख) मानार्थ सदस्य (Honorary Members) : वन तथा वातावरण सम्बन्धमा विशेष योगदान पुऱ्याएका नेपाली वा गैर नेपाली नागरिकहरुलाई १० जना साधारण सदस्य तथा ३ जना कार्यकारिणी पदाधिकारीहरुको सिफारिश साथ साधारण सभामा उपस्थित सदस्यहरुको बहुमतबाट अनुमोदन प्राप्त गर्ने व्यक्ति मानार्थ सदस्य बन्न सक्नेछन् ।<br>ग) आजीवन सदस्य : प्रवेश शुल्क रु. २५०० तिरि सदस्य बन्न चाहने वन प्राविधिकहरुलाई आजीवन सदस्य बनाइनेछ । आजीवन सदस्यले साधारण सदस्यले पाउने सम्पूर्ण अधिकार र सहुलियत पाउने छ ।<br>घ) संस्थागत सदस्य (Institutional Member) : कुनै पनि सम्बन्धित र इच्छुक संघ संस्थालाई संस्थागत सदस्य बनाउन सकिने छ ।<br>ङ) स्वयंसेवी सदस्य (Voluntary Members) : अन्य पेशामा कार्यरत | **६) सदस्यको प्रकार :**<br>क) साधारण सदस्य (General Member) : यस परिच्छेदको दफा ५ अनुसारका व्यक्तिहरु साधारण सदस्य बन्ने छन् ।<br>ग) आजीवन सदस्य : साधारण सदस्य बन्न योग्य व्यक्तिहरु प्रवेश शुल्क रु. ५००० तिरि आजिवन सदस्य बन्न सक्नेछन । आजीवन सदस्यले साधारण सदस्यले पाउने सम्पूर्ण अधिकार र सहुलियत पाउने छ । | समय सापेक्ष समायोजन गरिएको |

| | | |
|---|---|---|
| इच्छुक स्नातक व्यक्तिहरु स्वयंसेवी सदस्य बन्न सक्ने छ ।<br>च) सहयोगी सदस्य (Associate member) : यस परिच्छेदको धारा ५ मा उल्लेखित योग्यता पुगेका नेपाली/गैर नेपाली नागरिक पनि सहयोगी सदस्य बन्न सक्ने छन् । | | |

<table>
<tr>
<td>

**७. मत दिने र उम्मेदवार हुने अधिकार :**<br>
(क) कार्यकारिणी समितिको उम्मेदवार हुन र त्यसको निर्वाचनमा मत दिने अधिकार साधारण सदस्यहरुलाई मात्र हुने छ ।<br>
ख) तर कार्यकारिणी समितिले वा साधारण सभाले गठन गरेको उप समितिको सदस्यमा मनोनित हुन यस दफाले बाधा पुऱ्याएको छैन ।

</td>
<td>

(क) केन्द्रिय कार्यसमितिको उम्मेदवार हुन र त्यसको निर्वाचनमा मत दिने अधिकार आजीवन र साधारण सदस्यहरुलाई मात्र हुने छ ।<br><br>
ख)प्रदेश कार्यसमितिको उम्मेदवार हुन र त्यसको निर्वाचनमा मतदान गर्ने अधिकार सोही प्रदेशमा मतदाता नामावलीमा नाम भएको साधारण तथा आजीवन सदस्यलाई हुनेछ ।<br><br>
ग) सम्बन्धित प्रदेशमा मतदाता नामावलीमा नाम समावेश हुनको लागि निर्वाचन हुनुभन्दा ३ महिना अगाडि केन्द्रिय कार्यालयमा निवेदन दिनुपर्नेछ अन्यथा यो विधान लागु भएपछिको प्रथम निर्वाचनको हकमा स्थायि ठेगाना बमोजिम हुनेछ र पछिल्ला निर्वाचनहरुको हकमा पहिलाको मतदाता नामावली बमोजिम गरिनेछ ।<br><br>
घ) तर केन्द्रिय कार्यसमितिले वा साधारण सभाले गठन गरेको उप समितिको सदस्यमा मनोनित हुन यस दफाले बाधा पुऱ्याएको छैन ।

</td>
<td>आजीवन सदस्य छुट भएकोले समावेश गरिएको र प्रदेशको मतदाता हुनको लागि स्पष्ट पारिएको ।</td>
</tr>
<tr>
<td>

**१०. १०. प्रवेश तथा वार्षिक शुल्क :**<br>
प्रत्येक सदस्यबाट निम्न अनुसार शुलक तथा वार्षिक शुल्क लिइने छ ।

<table>
<tr><td></td><td></td><td>प्रवेश शुल्क रु.</td><td>वार्षिक शुल्क रु.</td></tr>
<tr><td>क)</td><td>साधारण सदस्य (General member)</td><td>नेपाली १२०</td><td>१२०</td></tr>
<tr><td>घ)</td><td>आजीवन सदस्य (Life Member)</td><td>२५००</td><td></td></tr>
</table>

</td>
<td>

**१०. १०. प्रवेश तथा वार्षिक शुल्क :**<br>
प्रत्येक सदस्यबाट निम्न अनुसार शुल्क तथा वार्षिक शुल्क लिइने छ ।

<table>
<tr><td></td><td></td><td>प्रवेश शुल्क रु.</td><td>वार्षिक शुल्क रु.</td></tr>
<tr><td>क)</td><td>साधारण सदस्य (General member)</td><td>नेपाली १०००</td><td>१०००</td></tr>
<tr><td>घ)</td><td>आजीवन सदस्य (Life Member)</td><td>५०००</td><td></td></tr>
</table>

</td>
<td>समय सापेक्ष समायोजन गरिएको</td>
</tr>
</table>

| | | |
|---|---|---|
| परिच्छेद-६<br>कार्यकारिणी समिति (**Executive Council**)<br>**१७. कार्यकारिणी समिति :**<br>निर्वाचित कार्यकारिणी समिति नेपाल वन प्राविधिक संघको दैनिक कार्य संचालन गर्ने र साधारण सभाबाट पारित निर्देशनहरु कार्यान्वयन गर्ने प्रशासनिक अगं मानिने छ । | परिच्छेद-६<br>कार्य समिति (**Executive Committee**)<br>१७. कार्यसमिति :<br>निर्वाचित केन्द्रिय एवं प्रदेश कार्यसमिति नेपाल वन प्राविधिक संघको दैनिक कार्य संचालन गर्ने र साधारण सभाबाट पारित निर्देशनहरु कार्यान्वयन गर्ने प्रशासनिक अंग मानिने छ । | प्रदेशमा समेत थप गर्नुपर्ने भएकोले । |
| १८. गठन :<br>कार्यकारिणी समितिको गठन निम्नानुसार हुनेछ ।<br>• अध्यक्ष १ (एक)<br>• उपाध्यक्ष १ (एक)<br>• महासचिव१ (एक)<br>• सह-सचिव१ (एक)<br>• कोषध्यक्ष १ (एक)<br>• सह-कोषाध्यक्ष१ (एक)<br>• निर्वाचित सदस्य ७ ( सात)<br>• मनोनीत सदस्य २ ( साधारण सदस्यहरुबाट मध्येबाट अध्यक्षले | १८. कार्यसमितिको गठन :<br>**१। केन्द्रिय कार्यसमितिको गठन निम्नानुसार हुनेछ ।**<br>• अध्यक्ष १ (एक)<br>• उपाध्यक्ष १ (एक)<br>• महासचिव १ (एक)<br>• सचिव १ (एक)<br>• कोषाध्यक्ष १ (एक)<br>• निर्वाचित सदस्य खुल्ला ५ (पाँच)<br>• निर्वाचित सदस्य महिला २ (दुई)<br>• मनोनीत सदस्य २ (आजिवन र साधारण सदस्यहरुबाट मध्येबाट अध्यक्षले मनोनित गर्ने)<br>• निवर्तमान अध्यक्ष सदस्य १(एक)<br>जम्मा पन्ध्र (१५)<br>१.१ अध्यक्ष र महासचिव मध्ये कम्तिमा एक पदमा महिला हुनुपर्नेछ ।<br>१.२ केन्द्रिय कार्य समितीमा कम्तिमा एक तिहाई महिला हुनुपर्नेछ । | प्रदेश कार्यसमिति समेत गठन गर्नु पर्ने भएकोले साथै संस्थाको सहयोगको लागि निर्वतमान अध्यक्षलाई सदस्यमा राख्नु पर्ने भएकोले र ३३ प्रतिशत महिला समावेश गर्नुपर्ने भएकोले |

| | | |
|---|---|---|
| मनोनित गर्ने)<br>जम्मा पन्ध्र (१५) | **२ प्रदेश कार्यसमितिको गठन :**<br>प्रदेश कार्यसमितिको गठन निम्नानुसार हुनेछ ।<br>● अध्यक्ष १ (एक)<br>● सचिव १ (एक)<br>● कोषाध्यक्ष १ (एक)<br>● निर्वाचित सदस्य खुला २ (दुई)<br>● निर्वाचित सदस्य महिला १ (एक)<br>● मनोनीत सदस्य १ (आजिवन र साधारण सदस्यहरुबाट मध्येबाट अध्यक्षले मनोनित गर्ने)<br>जम्मा सात (७)<br>२.१ अध्यक्ष र सचिव मध्ये एक पद महिला हुनुपर्नेछ ।<br>२.२ प्रदेश कार्य समितीमा कम्तिमा एक तिहाई महिला हुनुपर्नेछ ।<br>२.३ प्रदेश कार्य समितीको पदावधि तिन वर्षको हुनेछ । | |
| **२२. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**<br><br>२२.१ केन्द्रिय पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार<br>२२.१.१ अध्यक्ष<br>२२.१.२ उपाध्यक्ष (Vice-president)<br>अध्यक्षले अधिकार प्रत्यायोजन गरेमा उक्त अनुसार वहन गर्ने र अध्यक्षको अनुपस्थितमा राजीनामा | **२२. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**<br><br>**२२.१.१ अध्यक्ष**<br>ज) आफ्नो कार्यकालको कार्यमूलक योजना तयार गरि निर्वाचित भएको मितिले ३ महिनाभित्र सार्वजनिक गरि कार्यान्वयन गर्नुपर्नेछ ।<br>२२.१.२ उपाध्यक्ष (**Vice-president**)<br>१. अध्यक्षको अधिकार प्रत्यायोजन गरेमा उक्त अनुसार वहन गर्ने र अध्यक्षको अनुपस्थित वा राजीनामा दिई खाली भएमा अध्यक्षको सम्पूर्ण अधिकार उपाध्यक्षले उपभोग गर्नेछ ।<br>२. अध्यक्षको निर्देशनमा रहि आवश्यक कार्य गर्ने ।<br>३. संस्थाको हितमा हुने अन्य सबै कार्यमा पदीय दायित्व बमोजिम कार्य गर्ने गराउने ।<br>४. संस्थाको कार्य प्रगतिको लेखाजोखा गरि केन्द्रिय समितिमा अवगत गराउने । | संघलाई शशक्त र क्रियाशिल बनाउन<br><br>उपाध्यक्षको अधिकार थप गर्नु पर्ने भएकोले । |

| | | |
|---|---|---|
| दिई खाली भएमा अध्यक्षको सम्पूर्ण अधिकार उपाध्यक्षले उपभोग गर्न सक्नेछ ।<br><br>२२.३ छ) संघको नाममा भएको बैंक खाता महासचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरमा संचालन गर्ने<br><br>२२.५<br>ग) महासचिवको आदेश बमोजिम खर्च लेख्नुपर्नेछ ।<br>झ) बैंकको खाता पच्छिेद ६ को धारा २२.३ (६) अनुसार संचालन गर्ने । | ५. अनुगमन गर्ने<br>२२.१.३ महासचिव (**General secretary**)<br>छ) यो बुदा हटाइएको<br><br>२२.१.४ सचिव (**Secretary**)<br>१. सम्पूर्ण सदस्यहरुको अभिलेख अध्यावधिक गर्ने ।<br>२२.१.५ कोषाध्यक्ष (Treasurer)<br>ग) महासचिवसँग समन्वय गरि खर्चको अभिलेख अध्यावधिक गर्ने ।<br>झ) बैंकको खाता पच्छिेद ९ को धारा ३३ (ख) अनुसार संचालन गर्ने ।<br><br>**२२.१.६ सदस्यको काम कर्तव्य र अधिकार**<br>१. कार्यसमितिको वैठकमा सहभागी हुने र छलफलमा भाग लिने ।<br>२. कार्यसमितिको वैठकबाट प्राप्त निर्णय, निर्देशन र जिम्मेवारी पुरा गर्ने ।<br>३. अध्यक्षबाट तोकिएको जिम्मेवारी पुरा गर्ने ।<br>४. संघको उद्धेश्य प्राप्तिको लागि सक्रिय रहने ।<br>५. संघको कार्यमा रचनात्मक भुमिका निर्वाह गर्ने । | २२.१.३ छ) ३३ ख) मा रहेको हुँदा यहाँबाट हटाइएको ।<br><br>सदस्यको काम कर्तव्य र अधिकार थप गरिएको |
| | **२२.२ प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार**<br>१. केन्द्रिय कार्यसमितिले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्न पाउनेछ ।<br>२. केन्द्रिय कार्यसमितिले तोकेको काम, कर्तव्य र अधिकार बमोजिम प्रदेश कार्यसमिति आफैले कार्यविधि बनाई कार्यसञ्चालन गर्नेछ । | प्रदेश संघ थप भएकोले |
| २३. उपसमितिहरु<br>कार्यकारिणी समितिले आफनो आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्न सक्ने छ । तर कार्यकारिणी समितिले गठन उपसमितिमा कार्यकारिणी सदस्यहरु मध्येबाट कम्तीमा एक जना सदस्य | २३. उपसमितिहरु<br>कार्यसमितिले निम्न उपसमितिहरु गठन गर्नुपर्नेछ र सो समितिले वार्षिक रुपमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।<br>• पेशागत हकहित उप-समिति<br>• महिला शसक्तिकरण  उप-समिति<br>• अन्तराष्ट्रिय सम्बन्ध तथा समन्वय उप-समिति<br>• वन सम्बर्द्धन तथा जैविक विविधता उप-समिति | कार्यहरु स्पष्ट पार्न उप-समिति नामाकरण गरिएको |

| | | |
|---|---|---|
| समावेश हुनु पर्नेछ । | <ul><li>जलवायु परिवर्तन, जलाधार व्यवस्थापन तथा विपद जोखिम उप-समिति</li><li>वनजन्य उद्यम तथा बजारीकरण उप-समिति</li><li>ज्ञान व्यवस्थापन, अनुसन्धान तथा प्रसार उप-समिति</li></ul> | |
| **२६. निर्वाचन समिति :**<br>(ख) निर्वाचन समितिका पदाधिकारीहरु कार्यकारिणी समितिको चुनावमा खडा हुने उम्मेदवारको प्रस्तावक वा समर्थक बन्न पाईने छैन तर मतदान दिन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन । | **२६. निर्वाचन समिति :**<br>(ख) निर्वाचन समितिका पदाधिकारीहरु केन्द्रिय र प्रदेश कार्यसमितिको चुनावमा खडा हुने उम्मेदवारको प्रस्तावक वा समर्थक बन्न पाईने छैन तर मतदान दिन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।<br>ग) निर्वाचन समितिले निर्वाचन कार्यविधि र निर्वाचन तालिका तयार गरि निर्वाचन तोकिएको समयमा सम्पन्न गर्नुपर्नेछ । | निर्वाचनको कार्यतालिका र कार्यविधि तयार गर्ने सम्पूर्ण अधिकार निर्वाचन कमिटिलाई प्रदान गरेको । |
| **परिच्छेद-८**<br>**२७. निर्वाचन कार्यविधि :**<br>(छ) मतपत्रमा प्रकट गर्दा अध्यक्ष, उपाध्यक्ष, महासचिव, सहसचिव, कोषाध्यक्ष र सहकोषध्यक्ष पदमा उम्मेदवार हुने सदस्यहरुको हकमा एक नाम मात्र र अन्य कार्यकारिणी सदस्य पदमा खडा हुन उम्मेदवारहरुको हकमा कुनै सात जना सम्मको नाममा चिन्ह लगाई मत प्रकट गर्न पाईने छ ।<br><br>झ) चुनावमा उम्मेदवार हुने व्यक्तिले रु.१००/- धरौटी मनोनयन पत्र साथ दाखिला गर्नुपर्नेछ र चुनावमा पराजित | हटाइएको | निर्वाचनको कार्यतालिका र कार्यविधि तयार गर्ने सम्पूर्ण अधिकार निर्वाचन कमिटिलाई नै प्रदान गरेको हुँदा हटाइएको । |

| | | |
|---|---|---|
| हुने उम्मेदवारको हकमा सम्पूर्ण सदर भएको मतको १/८ (१२.५%) मत प्राप्त नभएमा धरौटी जफत हुनेछ । | | |
| **३०. मतगणनाको मिति तोक्ने :** | (घ) निर्वाचन समितिले मतगणना सम्पन्न भएपछि निर्वाचित केन्द्रिय तथा प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरुको घोषणा गर्नेछ साथै निर्वाचित पदाधिकारी तथा सदस्यहरुको सपथ ग्रहण तथा प्रमाण पत्र निर्वाचन समितिको संयोजकले गराउने छन् । सपथ ग्रहण र प्रमाण पत्र अनुसुची १ र २ बमोजिम हुनेछ । | प्रदेश समितिमा थप |
| **३३. कोष व्यवस्था :**<br>ख) उपधारा क बमोजिम जम्मा भएको रकम महासचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन गरिनेछ । | ख) उपधारा क बमोजिम जम्मा भएको रकम अध्यक्ष वा महासचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।<br>(ग) केन्द्रिय र प्रदेश कार्यसमितिले प्रचलित ऐन नियमको परिधि भित्र संघको कोषबाट आवश्यकता अनुसार खर्च गर्न सकिने छ ।<br>(घ) सदस्यता शुल्क केन्द्रमा जम्मा गरि ४० प्रतिशत केन्द्रमा नै राखि बाँकि ६० प्रतिशत सबै प्रदेशमा बराबर बाडिनेछ ।<br>(ङ) प्रदेश समितिको बैंक खाता प्रदेश अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ । | अध्यक्षलाई पनि जिम्मेवार बनाउने<br>प्रदेश समिति थप भएकोले |
| ३८. अध्यक्षको राजिनामा पर्न गएमा सो बारे निर्णय दिन साधारण सभा बोलाई उपस्थित साधारण सदस्यहरुले बहुमतले राजीनामा स्वीकृत गर्नेछ । यस्तो अवस्था परेमा उपाध्यक्षले बाकी अवधिको लागि अध्यक्षको कार्य संचालन गर्नेछ । तर अध्यक्ष बाहेक अन्य | ३८.१ केन्द्रिय अध्यक्षको राजिनामा पर्न गएमा सो बारे निर्णय दिन साधारण सभा बोलाई उपस्थित साधारण सदस्यहरुले बहुमतले राजीनामा स्वीकृत गर्नेछ । यस्तो अवस्था परेमा उपाध्यक्षले बाकी अवधिको लागि अध्यक्षको कार्य संचालन गर्नेछ । तर अध्यक्ष बाहेक अन्य पदाधिकारीहरुको राजीनामा परेमा कार्यसमितिको बहुमतले स्वीकृत गर्न सक्नेछ । संघको कार्य संचालनको आवश्यक व्यवस्था अध्यक्षले मिलाउन सक्नेछ ।<br>३८.२ प्रदेश अध्यक्षले राजिनामा दिनुपरेमा केन्द्रिय कार्यसमितिमा पेश गर्नुपर्नेछ र केन्द्रिय कार्यसमितिको बहुमतले राजिनामा स्विकृत गर्नुपर्नेछ ।<br>३८.३ प्रदेश कार्य समितिका अन्य पदाधिकारी र सदस्यको राजिनामाको हकमा प्रदेश कार्यसमितिको कार्यविधि अनुसार हुनेछ । | कार्यकारिणीको सट्टा कार्य समिति राखेको<br>प्रदेश थप गरेको |

| | | |
|---|---|---|
| पदाधिकारीहरुको राजीनामा परेमा कार्यकारिणी समिति बहुकतले स्वीकृत गर्न सक्नेछ । संघको कार्य संचालनको आवश्यक व्यवस्था अध्यक्षले मिलाउन सक्नेछ । | | |
| **परिच्छेद-११** | परिच्छेद-११ थप<br>विविध :<br>**४१. आचरण पालना**<br>नेपाल वन प्राविधिक संघका केन्द्रिय एवं प्रदेश कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुले निम्न बमोजिमको आचरण पालना गर्नु पर्ने छ ।<br>● संघमा संलग्न रहेर आफनो व्यक्तिगत फाइदा र स्वार्थपुर्ती गर्ने तर्फ क्रियाशील हुन हुदैन ।<br>● संघको गोपनीयता भंग गरि कुनै पनि पदाधिकारी, सदस्य एवं कार्यरत कर्मचारी माथि आरोप लगाउनु पुर्व लिखित रुपमा कार्यसमितिमा निवेदन दिनु पर्नेछ ।<br>● कुनै राजनिति दल विशेषको पैरवी गर्न हुँदैन<br>● संघका पदाधिकारी एवं संघका सदस्यहरुबाट कुनै विषयहरुमा संघका समाधान गराउनु पर्ने भन्ने लागेमा सम्बन्धित व्यक्ति वा अध्यक्ष संग छलफल गरि त्यस्ता शंका उपशंका लाई समाधान गर्ने प्रयास गर्नु पर्नेछ । यी प्रक्रिया नअपनाई सार्वजनिक रुपमा नै कुनै माध्यमबाट प्रचार प्रसार गर्न पाइने छैन ।<br>● संघको मर्म, लक्ष्य र उद्धेश्य विपरित क्रियाकलापमा संलग्न हुनु हुदैन ।<br>● संघको प्रतिनिधित्व गर्दे कुनै पनि सभा, सम्मेलन, वैठक तथा डेलिगेसनमा भाग लिन एक भन्दा बढि व्यक्ति जादा आफ्नो पद भन्दा माथिको व्यक्तिले सम्बोधन गरिसकेको अवस्थामा अन्य प्रतिनिधिहरुले बोल्न चाहेमा मर्यादामा रहि विषयलाई प्रष्ट खुलाई टोली प्रमुखको अनुमति लिई मात्र बोल्न पाइने छ । | आचरणको बुँदा स्पष्ट पार्नु परेकोले |

| | | |
|---|---|---|
| | • संघको प्रतिनिधित्व गरि कुनै पदाधिकारी एवं संघका सदस्यले कुनै सभा, सम्मेलन एवं वैठकमा भाग लिन गएकोमा सो कार्यमा भए गरेको कार्य प्रतिवेदन कार्य सम्पन्न गरि फर्केको एक हप्ता भित्र प्रतिवेदन दिनु पर्नेछ ।<br>• कार्यसमितिले संघका पदाधिकारी र सदस्यहरुमध्येबाट एकजना प्रवक्ता नियुक्ति गरि प्रवक्ता मार्फत मात्र संघका आधिकारिक धारणाहरु सार्वजनिक गर्नुपर्नेछ ।<br>• मथि खण्डहरुमा उल्लेखित आचरणलाई पालना नगरेमा त्यस्तो पदाधिकारी एवं सदस्य सित अध्यक्षले लिखित स्पष्टिकरण माग्न सक्नेछ । उक्त स्पष्टिकरण चित्त बुझ्दो नभएमा कार्यसमितिमा पेश गरि निजलाई पदबाट तत्काल निलम्बन गरि निकाष्सनका लागि साधारण सभामा प्रस्ताव पेश गर्नु पर्नेछ । साधारण सभाले निर्णय गरेपश्चात उक्त व्यक्ति उक्त पदबाट निष्काशित हुनेछ ।<br>• केन्द्रिय र प्रदेश कार्यसमिति साधारण सभाप्रति उत्तरदायि हुनेछ । | |
| | **४२. अधिकार प्रत्यायोजन**<br>साधारण सभा, कार्यसमिति अथवा कुनै पदाधिकारीले यस विधान अर्न्तगत क्रमशः कार्यसमिति, पदाधिकारी, सदस्य वा समितिलाई आवश्यक अधिकार प्रत्यायोजन गर्न सक्नेछ तर त्यस्तो प्रत्यायोजित अधिकारलाई पूनः प्रत्यायोजन गर्न पाइने छैन । | दफा थप गर्नु परेकोले |
| | **४३. विधानको ब्याख्या**<br>यस विधानको कुनै प्रावधान सम्बन्धमा दुविधा उत्पन्न भएमा त्यसको व्याख्या गर्ने अधिकार केन्द्रिय समितिले गरि साधारण सभाबाट अनुमोदन गर्नुपर्नेछ र अनुमोदित व्याख्या नै आधिकारिक मानिने छ । | स्पष्ट पारेको |
| | ४४. ऐन संग **बाझिएमा**<br>यस विधानमा उल्लेख भएका कुराहरु कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानुन संग बाझिन गएमा बाझिएको हदसम्म निष्क्रिय हुनेछ । नेपाल सरकार तोकिएको अधिकारीले समय समयमा दिएको निर्देशन पालना गर्नु संघको कर्तव्य हुनेछ । | |

| | | |
|---|---|---|
| | **४५. बाधा अड्काउ फुकाउने अधिकार**<br>संघको विधानमा उल्लेखित, उद्धेश्य प्राप्तिका लागि विधानको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएका त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार केन्द्रिय कार्यसमितिलाई हुनेछ । | |
| | **४६. संक्रमणकालिन व्यवस्था**<br>(क) यस संसोधित विधान सम्बन्धित निकायबाट स्विकृत भएको मितिले ६ महिनाभित्र प्रदेश कार्यसमितिको निर्वाचन सम्पन्न गरिसक्नुपर्नेछ । | |
| | **४७. रुपान्तरण**<br>संघको विधानमा विभिन्न दफा उपदफामा रहेका कार्यकारिणी समितिको सट्टा तत स्थानमा केन्द्रिय कार्यसमिति हुनेछ । साथै श्री ५ को सरकारको सट्टा नेपाल सरकार हुनेछ । | संशोधन अनुसार मिलान गर्नुपरेको । |
| | **४८. संस्थाको खारेजी:**<br>क) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरि संस्था खारेजी गर्न सक्ने छ ।<br>ख) उपदफा (क) बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामको लागि एक वा एकभन्दा बढि लिक्वीडेटरहरु र संस्थाको हिसाब किताब गर्नका लागि एक वा एकभन्दा बढी लेखापरिक्षकहरु नियुक्त गर्न सक्ने छ ।<br>ग) उपदफा (ख) बमोजिम लिक्वीडेटर र लेखापरिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।<br>घ) यसरी कारणबस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरि बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ । | |

| | | |
|---|---|---|
| अनुसुची १<br>सपथ ग्रहणको ढाचाँ | **विधानको दफा ३० को घ संग सम्बन्धित्**<br><br>अनुसुची १<br>सपथको ढाचाँ<br>**सपथ**<br><br>म .................... सत्य र निष्ठापूर्वक आत्मसाक्षी राखी प्रतिज्ञा गर्दै यो सपथ लिन्छु कि नेपाल वन प्रविधीक संघको विधान २०३१ (संसोधन सहित ) प्रति पूर्ण रुपमा वफादार रहि....................पदको कामकाज संघको विधान र देशको संविधान , ऐन नियमको अधिनमा रहि कसैको डर नमानी, पक्षपात नगरी कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारीका साथ मन वचन कर्मले काम गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारी भएको कुरा पदमा वहाल रहदा वा नरहदा जुन सुकै अवस्थामा पनि संघको विधानको पालना गर्दा बाहेक अरु अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।<br><br>**मिति :** **दस्तखत**<br>**नाम थर :** | विधानमा सपथको ढाचाँ छुट भएकोले । |

| | | |
|---|---|---|
| | अनुसुची २<br>विधानको दफा ३० को घ सँग सम्बन्धित<br>प्रमाणपत्रको ढाँचा<br>लोगो फोटो<br>नेपाल वन प्राविधिक संघको २०३१ (संशोधन सहित) बमोजिम मिति ……………… सम्पन्न भएको निर्वाचनमा……………(ठेगाना) बस्ने तपाई श्री……….. नेपाल वन प्राविधिक संघ केन्द्रिय/प्रदेश कार्यसमितिको …………… पदमा निर्वाचित भएको प्रमाणित गरि यो प्रमाणपत्र प्रदान गर्दछु ।<br>मिति………. दस्तखत<br>नाम । थर<br>संयोजक (निर्वाचन समिति) | |